# युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको

## विधान, २०३१

(नवौं संशोधन २०७९)

युनेस्को
नेपाल
राष्ट्रिय आयोग

नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**

सिंहदरवार, काठमाडौं, नेपाल

टेलिफोन नं. : ४२००५५९/५६०/५६२, फ्याक्स नं. : ४२००५६१

ईमेल : unesconatcomnepal@gmail.com

वेवसाइट : www.nncu.org.np

# युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान, २०३१ (नवौं संशोधन २०७९)

प्रकाशक : युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय

संस्करण : नवौं (२०७९)

© : प्रकाशक

प्रकाशन मिति : २०७९

प्रकाशन प्रति : ५००

# युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान, २०३१

१. नेपाल सरकार[१*], मन्त्रिपरिषदबाट पहिलो पटक स्वीकृत मिति २०३१।०२।०४

| विधान संशोधन भएको साल | संशोधित मिति |
|---|---|
| १. पहिलो संशोधन, २०५७ | २०५७।०८।१४ |
| २. दोश्रो संशोधन, २०६० | २०६०।१२।२४ |
| ३. तेस्रो संशोधन २०६३ | २०६३।०३।२६ |
| ४. चौथो संशोधन २०६४ | २०६४।०५।०४ |
| ५. पाँचौं संशोधन २०६५ | २०६७।०९।२२ |
| ६. छैठौं संशोधन २०७२ | २०७२।०५।१६ |
| ७. सातौं संशोधन २०७२ | २०७२।०६।२० |
| ८. आठौं संशोधन २०७६ | २०७६।०३।१३ |
| ९. नवौं संशोधन २०७९ | २०७९।०५।०५ |

**प्रस्तावना**: शान्तिपूर्ण सह-अस्तित्वको मार्ग अपनाई राष्ट्र-राष्ट्रका बिच सहयोग, सद्भाव र भातृत्वको भावनालाई अभिवृद्धि गर्दै, अन्तर्राष्ट्रिय समझदारीका आधारमा शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सम्बन्धको माध्यमद्वारा आपसी सहयोग र विश्व शान्ति कायम गर्ने महान उद्देश्य लिएर स्थापना भएको साझा संस्था संयुक्त राष्ट्र सङ्घको शिक्षा, विज्ञान र संस्कृति सम्बन्धी सङ्गठनको नेपाल सदस्य राष्ट्रका रूपमा रहँदै आएको र यसका प्रत्येक सदस्य राष्ट्रमा गठन हुने राष्ट्रिय आयोगहरूको कार्य स्पष्ट र प्रभावकारी बनाउन युनेस्कोका लागि राष्ट्रिय आयोगको बडापत्रबमोजिम नेपालमा पनि शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार तथा सामाजिक क्षेत्रको विकास गर्न तथा नेपाल र युनेस्कोबिच भइरहेको पारस्परिक सम्बन्धलाई अझ सुदृढ गराउन युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग सञ्चालनका लागि एक विधान आवश्यक भएकाले नेपाल सरकारले यो विधान बनाएको छ ।

१.* मिति ०६३।३।२६ को संशोधन अनुसार परिवर्तन

## परिच्छेद - १
## प्रारम्भिक

***युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान, २०३१ मा समसामयिक संशोधन गरी समय सापेक्ष बनाउन बाञ्छनीय भएकोले,

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान, २०३१ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी कार्यकारिणी समितिको सिफारिसमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले देहायको विधान बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो विधानको नाम "युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको (नवौं संशोधन) विधान, २०७९" रहेको छ ।
(२) यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-
(क) "युनेस्को" भन्नाले संयुक्त राष्ट्र सङ्घको शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक सङ्गठन अर्थात (United Nations Educational, Scientific and Cultural Organization, UNESCO) भन्ने सम्झनुपर्छ ।
(ख) "आयोग" भन्नाले दफा ३ बमोजिमको युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग सम्झनुपर्छ ।
(ग) "कार्यकारिणी समिति" भन्नाले दफा १० बमोजिमको कार्यकारिणी समिति सम्झनुपर्छ ।
(घ) "सचिवालय" भन्नाले दफा ६ बमोजिम स्थापना भएको युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयलाई सम्झनुपर्छ ।
(ङ) "विषय समिति" भन्नाले दफा १३ बमोजिम गठन हुने विषय समितिहरू सम्झनुपर्छ ।

*** नवौ संशोधनबाट संशोधित

(च) "विशेष समिति" भन्नाले दफा १४ बमोजिम गठन हुने विशेष समितिहरू सम्झनुपर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस विधानअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ज) "ए. एस. पी. नेट" भन्नाले एसोसिएट स्कुल प्रोजेक्ट नेटवर्क सम्झनुपर्छ ।

(झ) "क्लब" भन्नाले युनेस्को क्लब सम्झनुपर्छ ।

(ञ) "महासङ्घ" भन्नाले नेपाल युनेस्को संघ संस्था तथा क्लवहरूको राष्ट्रिय महासङ्घ सम्झनुपर्छ ।

**परिच्छेद - २**

## आयोगको स्थापना, गठन र उद्देश्य

**३. आयोगको स्थापना :-** (१) यस विधानको उद्देश्य प्राप्तिका लागि संयुक्त राष्ट्र सङ्घको शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठनका निमित्त नेपाल राष्ट्रिय आयोग नामको एक आयोग स्थापना गरिनेछ ।

(२) आयोगको गठन देहाय बमोजिम हुनेछ :

**(क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री - अध्यक्ष

**(ख) झिकिएका

**(ग) विश्वविद्यालयका उपकुलपतिहरूमध्येबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय द्वारा मनोनीत दुईजना - सदस्य

**(घ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा हेर्ने सचिव- महासचिव

**(घ१) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको विज्ञान तथा प्रविधि हेर्ने सचिव - सदस्य

**(घ२) नगरपालिकाका प्रमुखहरू मध्येबाट आयोगको अध्यक्षद्वारा मनोनित गरेको एक जना - सदस्य

**(ङ) परराष्ट्र मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य

**(च) [२]शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रा.प. प्रथम श्रेणीको (विज्ञान तथा प्रविधि तर्फ) अधिकृत प्रतिनिधि - सदस्य

(छ) [३]संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य

**(ज) [४]कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य

**(ज१) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि एक जना - सदस्य

**(झ) अर्थ मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य

**(ञ) विभिन्न संघ, संस्थाका प्रमुखहरू मध्येबाट आयोगक अध्यक्षद्वारा मनोनित कम्तीमा दुई जना महिला सहित बढीमा चार जना - सदस्य

**(ञ१) शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आमसञ्चारको क्षेत्रमा कार्यरत व्यक्तिहरू मध्येबाट एक जना महिला सहित आयोगको अध्यक्षद्वारा मनोनित दुई जना - सदस्य

**(ञ२) गाउँपालिकाका अध्यक्षहरू मध्येबाट आयोगको अध्यक्षद्वारा मनोनित एक जना - सदस्य

**(ट) शिक्षाविद्हरूमध्येबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा मनोनीत पाँच जना - सदस्य

**(ट१) विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट आयोगको अध्यक्षद्वारा मनोनित कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(ठ) विषय समितिका पदाधिकारीहरू - सदस्य

(ड) एसोसिएटेड स्कुल प्रोजेक्ट (ए.एस.पी) नेटवर्कका राष्ट्रिय संयोजक - सदस्य

---

[२] मिति ०७२।५।१६ को निर्णय अनुसार संशोधित

[३] मिति ०७२।५।१६ को निर्णय अनुसार संशोधित

[४] मिति ०७२।५।१६ को निर्णय अनुसार संशोधित थप

** मिति २०७६।३।१३ को निर्णय अनुसार संशोधित

(ढ) युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक
महासचिव - सदस्य सचिव

(३) मनोनीत सदस्यहरूको पदावधि ४ वर्षको हुने छ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् । यदि कुनै कारणवश कुनै सदस्यको स्थान रिक्त हुन आएमा वा कुनै सङ्घ संस्थाको प्रतिनिधि सो सङ्घ संस्थाको प्रतिनिधि नरहेमा जुन प्रक्रियाबाट सदस्य मनोनीत भएको हो सोही प्रक्रियाबाट बाँकी अवधिका लागि अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

**(४) आयोगको अध्यक्षले देहायको योग्यता पुगेका व्यक्तिहरूमध्येबाट आयोगको सहायक महासचिव मनोनयन गर्नेछ :–

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको,

(ग) सरकारी सेवा वा शिक्षा, विज्ञान प्रविधि, संस्कृति, आमसञ्चार र सामाजिक विषय क्षेत्रका संस्था वा शैक्षिक संस्था वा विश्वविद्यालय वा अन्य कुनै प्रकारको संगठित संस्थामा कम्तीमा पन्ध्र बर्ष अधिकृत स्तरमा रही कार्य गरेको अनुभव भएको,

(घ) उच्च नैतिक चरित्र भएको ।

**(५) देहायको अवस्थामा सहायक महासचिव पदमुक्त हुनेछ :–

(क) आयोगको अध्यक्ष समक्ष निजले पेश गरेको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) पैंसट्ठी बर्ष उमेर पूरा भएमा,

(ग) विधानमा तोकिएको पदावधि समाप्त भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ङ) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(च) निजको मृत्यु भएमा ।

---

** मिति २०७६।३।१३ को निर्णय अनुसार संशोधित

**(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायक महासचिवमा कार्य क्षमताको अभाव भएको वा कर्तव्य पालना नगरेको वा खराव आचरणमा लागेको भनी कसैको उजूरी परेमा कार्यकारिणी समितिले सो सम्बन्धमा छानबिन गर्न एक समिति गठन गर्न सक्नेछ ।

**(७) उपदफा (६) बमोजिमको समितिबाट सहायक महासचिवलाई पदबाट हटाउन सिफारिस भएमा आयोगको अध्यक्षले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउँनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

४. **आयोगको उद्देश्य :** शिक्षा, विज्ञान र संस्कृतिको माध्यमद्वारा संयुक्त राष्ट्र सङ्घको घोषणापत्रमा उल्लिखित उद्देश्य हासिल गर्ने काममा सहयोग पुर्‍याउन युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको उद्देश्य निम्नानुसार हुनेछ :

(क) शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार तथा सामाजिक कार्यक्रमहरूको माध्यमद्वारा नेपाली जनताको आर्थिक, सामाजिक एवं बौद्धिक विकास गर्ने ।

(ख) शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार तथा सामाजिक क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धान, तालिम, गोष्ठी, सभा, सम्मेलन आदि गर्ने, गराउने ।

(ग) आफ्नो देशको गौरवमय सांस्कृतिक वैभवलाई विश्वका अन्य राष्ट्रहरूमा परिचित गर्ने गराउने,

(घ) युनेस्कोको उद्देश्य एवं कार्यक्रमहरूको प्रचार प्रसार गरी सर्वसाधारण जनता समक्ष पुर्‍याउने,

---

** मिति २०७६।३।१३ को निर्णय अनुसार संशोधित

(ङ) अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रियस्तरमा युनेस्कोद्वारा सञ्चालित कार्यक्रममा सघाउ पुऱ्याउने ।

(च) युनेस्कोको सहयोगमा सञ्चालित राष्ट्रिय तथा क्षेत्रीय विकास आयोजना एवं कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

**५.** **आयोग सङ्गठित संस्था हुने :** (१) आयोग अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) आयोगको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) आयोगले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, अन्तर्राष्ट्रिय सहयोगलाई उपभोग गर्न, बेच विखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) आयोगले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र आयोग उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**६.** **आयोगको सचिवालय :** (१) आयोगको कार्य सम्पादन गर्न आयोगको एक सचिवालय रहनेछ ।

(२) आयोगको सचिवालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा वा सो मन्त्रालयले उपलव्ध गराएको वा अन्य उपयुक्त स्थानमा रहनेछ ।

(३) महासचिवले तोकेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिवले सचिवालयको सचिव भई कार्य गर्नेछ ।

## परिच्छेद - ३
## आयोगको काम, कर्तव्य र अधिकार

७. **आयोगको काम, कर्तव्य र अधिकार :** आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) युनेस्कोका सदस्य राष्ट्रहरूको बिचमा पारस्परिक सम्बन्ध कायम गर्ने,

(ख) युनेस्कोका कार्य क्षेत्रसँग सम्बन्धित शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आमसञ्चारका क्षेत्रहरूमा नेपाल सरकारलाई सल्लाह दिने,

(ग) युनेस्कोका आदर्श र कार्यक्रमहरू मुलुकभरी प्रचार प्रसार गरी सर्वसाधारण जनताको समर्थन र सहयोग प्राप्त गर्ने,

(घ) प्रत्येक दुई वर्षमा हुने युनेस्कोको महाधिवेशनमा भाग लिन जाने प्रतिनिधिमण्डललाई आवश्यक सरसल्लाह र निर्देशन दिने,

(ङ) युनेस्कोद्वारा पारित प्रस्तावहरू कार्यान्वयन गर्ने गराउने,

(च) युनेस्कोको उच्चतम आदर्श प्राप्तिका लागि समय समयमा सदस्य राष्ट्रहरूबिच भ्रमणको आदान प्रदानबाट अन्तर्राष्ट्रिय समझदारी र आपसी सहयोग बढाउने,

(छ) युनेस्कोको आदर्श प्राप्तिका निमित्त तालिम, गोष्ठी सञ्चालन तथा प्रकाशन सम्बन्धी कार्य गर्ने,

(छ१) अन्तर्राष्ट्रिय समझदारी बढाउने खालका सामाग्रीहरूको अन्तर्राष्ट्रिय स्तरमा आदान प्रदान आदि कार्य गर्ने गराउने,

(ज) आयोगसँग सम्बद्ध युनेस्को क्लवद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूको सुपरिवेक्षण गर्ने गराउने,

(झ) युनेस्कोका अरू सदस्य राष्ट्रहरूको आयोगसँग सम्पर्क बढाउने र सहकार्य गर्ने,

**(ञ) आयोगको वार्षिक सभा कम्तीमा वर्षको एक पटक बोलाउने,

(ट) युनेस्कोको प्राविधिक तथा आर्थिक सहयोगमा विभिन्न कार्यक्रमहरूको सञ्चालन गर्ने गराउने ।

(ठ) युनेस्कोको उद्देश्य प्राप्तिका लागि सङ्कल्प प्रस्तावहरू पारित गर्ने ।

**८. <u>युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिवको काम, कर्तव्य र अधिकार</u> :**

(क) युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको प्रमुखको भूमिका निर्वाह गर्ने ।

(ख) युनेस्कोको आदर्श, मान्यता र सिद्धान्तलाई मुलुकभरि लागु गर्न गराउन सक्रिय रहने ।

**(ग) आयोगको सचिवालयको लागि आवश्यक पर्ने कर्मचारीहरूको व्यवस्था गर्ने र आयोगको स्वीकृत दरवन्दीमा कार्यरत कर्मचारीको म्याद थप गर्ने ।

**(ग१) सहायक महासचिवको विदा, काज, भ्रमण स्वीकृत गर्ने ।

(घ) आयोगको सचिवालयका कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(ङ) महासचिवले आफूमा निहीत अधिकार सहायक महासचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**९. <u>युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिवको काम, कर्तव्य र अधिकार</u> :-**

(क) महासचिवको सामान्य निर्देशनमा सचिवालय प्रमुखको रूपमा कार्य गर्ने ।

(ख) युनेस्कोको उद्देश्य प्राप्तिका लागि पूर्णकालीन सेवा दिई सदा क्रियाशील रहने ।

---

** मिति २०७६।३।१३ को निर्णय अनुसार संशोधित

(ग) युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग र कार्यकारिणी समितिको बैठक अध्यक्षको परामर्श लिई आयोजना गर्ने र बैठकमा भएका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(घ) आयोगको सचिवालयको कर्मचारी प्रशासन सञ्चालन एवं आर्थिक प्रशासनको व्यवस्थापन, निरीक्षण तथा अनुगमन गर्ने ।

(ङ) युनेस्कोको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन, अनुगमन तथा मूल्याकंन गरी प्रतिवेदन तयार गर्ने गराउने ।

(च) युनेस्को सम्वद्ध विषयहरूसंग सम्बन्धित मन्त्रालयसंग आवश्यक समन्वय गर्ने गराउने ।

(छ) युनेस्को प्रधान कार्यालय, क्षेत्रीय कार्यालय एवं नेपाल स्थित युनेस्को कार्यालयलगायत युनेस्को सम्वद्ध निकायसंग आवश्यक पत्रचार गर्ने ।

(ज) सचिवालयका लागि कार्यकारिणी समितिबाट स्वीकृत भएको दरबन्दीको राजपत्र अनङ्कित र श्रेणी विहिन रिक्त पदहरूमा अस्थायी नियुक्ति गर्ने र म्याद थप गर्ने ।

(झ) महासचिवबाट प्रत्यायोजित अन्य कामहरू गर्ने ।

(ञ) सहायक महासचिवले आफूमा भएको अधिकार सचिवालयका सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद - ४
## कार्यकारिणी समिति

**१०. कार्यकारिणी समिति :** (१) आयोगले पारित गरेका नीति एवं कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न गराउनका लागि केन्द्रीयस्तरमा एक कार्यकारिणी समिति रहनेछ ।

(२) कार्यकारिणी समितिमा देहायका पदाधिकारीहरू रहने छन् :

(क) आयोगको अध्यक्ष - अध्यक्ष

**(ख) झिकिएको

(ग) आयोगको महासचिव - सदस्य

(घ) आयोगको सदस्यमा मनोनीत उपकुलपतिहरू मध्ये अध्यक्षद्वारा मनोनीत एकजना - सदस्य

(ङ) विषय समितिका संयोजकहरू - सदस्य

(च) आयोगमा मनोनीत शिक्षाविद्हरूमध्येबाट अध्यक्षद्वारा मनोनीत दुई जना - सदस्य

(च) [५]सहायक महासचिव - सदस्य

(छ) सचिवालयको सचिव - सचिव

(३) कार्यकारिणी समितिका मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरूको पुनः मनोनयन हुन सक्ने छ ।

(४) अध्यक्षले आवश्यकतानुसार कुनै व्यक्तिलाई आमन्त्रित सदस्यको रूपमा कार्यकारिणी समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद -५
## कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार

**११. कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार** : कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) स्वीकृत बजेट कार्यान्वयनका लागि सहजिकरण गर्ने र अन्य स्रोतबाट प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने,

[५] मिति ०७२।५।१६ को निर्णय अनुसार संशोधित

** मिति २०७६।३।१३ को निर्णय अनुसार संशोधित

**(ख) आयोगको बार्षिक सभाले पारित गरेका निर्णय तथा सङ्कल्पहरू कार्यान्वयन गर्ने गराउने,

**(ग) आयोगको बार्षिक सभामा पेस गरिने सुझाव र प्रतिवेदनको मस्यौदा तयार गर्ने गराउने,

(घ) युनेस्को सम्बद्ध प्रकाशनहरूलाई अनुवाद गरी प्रकाशन गर्ने गराउने,

(ङ) युनेस्कोको उद्देश्य, आदर्श एवं कार्यहरू विभिन्न सञ्चार माध्यमद्वारा जनतामा प्रचार प्रसार सम्वन्धी नीतिगत व्यवस्था गर्ने,

(च) युनेस्कोबाट प्राप्त छात्रवृत्रि, आयोजना हुने गोष्ठी आदिका सम्बन्धमा नीतिगत सल्लाह दिने,

(छ) शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार तथा सामाजिक विकासमा सहयोग पुऱ्याउने,

(ज) युनेस्कोको सहयोगमा संचालित कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा प्रगति समीक्षा गर्ने गराउने,

(झ) युनेस्को क्लबहरू तथा युनेस्को क्लवहरूको राष्ट्रिय महासङ्घ दर्ताको निमित्त सिफारिस एवं सम्बन्धन प्रदान गर्ने,

**(ञ) आयोगसंग सम्वन्धन प्राप्त क्लब तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घलाई युनेस्कोको प्रतीक चिन्ह (लोगो) प्रयोग गर्न नीति तर्जुमा गर्ने,

(ट) यस विधानबमोजिमका विषय समिति, विशेष समिति, युनेस्को क्लब तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको काम कारवाहीमा सहयोग पुर्‍याउन आवश्यक निर्देशन दिने ।

---

** मिति २०७६।३।१३ को निर्णय अनुसार संशोधित

## परिच्छेद - ६

# बैठक र निर्णय

**१२. आयोग तथा कार्यकारिणी समितिको बैठक र निर्णय :-**

(१) आयोगको बैठक वर्षमा कम्तीमा एक पटक अध्यक्षले तोकेको समय र स्थानमा बस्ने छ ।

(२) कार्यकारिणी समितिको बैठक सामान्यतया वर्षमा तीन पटक अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ ।

(३) बैठकमा पचास प्रतिशत सदस्यको उपस्थिति भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) आयोग तथा कार्यकारिणी समितिको बैठकको अध्यक्षता अध्यक्षबाट हुने छ । बैठकमा अध्यक्षको अनुपस्थिति भएमा महासचिव र निजको पनि अनुपस्थिति भएमा उपस्थित सदस्यहरूले छानेको कुनै सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) बैठकसम्बन्धी अन्य कार्यविधि आयोग तथा कार्यकारिणी समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

परिच्छेद - ७

# विषय समिति, विशेष समिति तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको गठन

## १३. विषय समितिको गठन तथा काम कर्तव्य र अधिकार :-

(क) आयोगको कार्य सम्पादनका लागि कार्यकारिणी समितिको मातहतमा रहने गरी आयोगले शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार र सामाजिक क्षेत्रका गरी पाँच वटा विषय समितिहरू गठन गर्नेछ ।

(ख) प्रत्येक विषय समितिमा संयोजक सहित बढीमा सात जना सदस्यहरू [६]अध्यक्षद्वारा मनोनीत हुनेछन् ।

(ग) विषय समितिका पदाधिकारी एवं सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुनःमनोनीत हुनसक्ने छन् ।

(घ) विषय समितिको बैठकमा विना पूर्व सूचना लगातार तिन पटकसम्म अनुपस्थित रहने समितिको पदाधिकारी सो समितिबाट स्वतः हट्ने छ । यसरी रिक्त हुने स्थानमा बाँकी अवधिका लागि नयाँ पदाधिकारी मनोनयन गर्न सकिनेछ ।[७]

(ङ) [८]विषय समितिको काम, कर्तव्य र अधिकार आयोगले निर्धारण गरेका अतिरिक्त निम्न बमोजिम हुनेछ :

---

[६]मिति ०६७९।१२ को निर्णानयुार थप
[७]मिति २०६४।०५।०४ को निर्णयानुासर संशोधित
[८]मिति २०६७०९।२२ को निर्णयानुासर थप

(ङ१) युनेस्कोको आदर्श र उद्देश्यअनुसार सम्बन्धित विषयमा आयोगलाई आवश्यक परामर्श तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ङ२) युनेस्कोसँग सम्बन्धित विषयमा गरिने अध्ययन, अनुसन्धानलगायतका कार्यहरूमा सचिवालयमार्फत् आवश्यकताअनुसार राय सुझाव उपलब्ध गराउने ।

(ङ३) सम्बन्धित विषयमा प्राप्त परियोजना प्रस्तावहरु अध्ययन गरी कार्यान्वयनका लागि सिफारिस गर्ने ।

(ङ४) युनेस्को आयोगअन्तर्गत सञ्चालित सम्बन्धित विषयक्षेत्रभित्रका योजना तथा परियोजनाहरूको अनुगमन गर्ने ।

**१४. <u>विशेष समितिको गठन</u> :** (१) कार्यकारिणी समितिले आयोगको उद्देश्य प्राप्तिका लागि युनेस्कोले तोकेका क्षेत्रहरूमध्येबाट आवश्यकतानुसार विशेष समितिहरू गठन गर्न सक्नेछ ।

(२) प्रत्येक विशेष समितिमा संयोजकसहित बढीमा पाँच जना (एकजना सचिवालयका अधिकृत समेत) सदस्यहरू अध्यक्षद्वारा मनोनीत हुने छन् ।

(३) विशेष समितिका पदाधिकारी एवं सदस्यहरूको पदावधि ४ वर्षको हुने छ र पदावधि समाप्त भएपछि निजहरू पुनःमनोनीत हुन सक्नेछन् ।

(४) विशेष समितिको बैठकमा विना पूर्व सूचना लगातार तिन पटकसम्म अनुपस्थित रहने समितिको पदाधिकारी सो समितिबाट स्वतः हट्ने छ ।

यसरी रिक्त हुने स्थानमा बाँकी अवधिका लागि नयाँ पदाधिकारी मनोनयन गर्न सकिनेछ ।

(५) विशेष समितिको काम, कर्तव्य र अधिकार कार्यकारिणी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. <u>युनेस्को क्लब तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको सम्बन्धन</u> :-**

[१](१) क्लबको नामको पछाडि "युनेस्को" शब्द राखी युनेस्को क्लब स्थापना गर्नका लागि सम्बन्धित क्लबले यस सचिवालयबाट जिल्ला प्रशासन कार्यालयको नाममा सिफारिस लिनुपर्ने र जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाणपत्र, विधानको प्रतिलिपि र सम्बन्धनका लागि संस्थाको कार्य समितिको निर्णयसहित कुनै नयाँ युनेस्को क्लबले स्थापना भएको एक आर्थिक बर्ष समाप्त भएपछि सचिवालयमा सम्बन्धनका लागि निवेदन दिन सक्नेछ । जिल्ला प्रशासन कार्यालयमा दर्ता भइसकेका यस्ता क्लबहरूले सचिवालयमा सम्बन्धनका लागि निवेदन पेस गर्दा निम्न लिखित कागजात अनिवार्य रूपमा सचिवालयमा पेस गर्नु पर्नेछ :

(क) गत आर्थिक वर्षमा सम्पादन गरेको कार्यहरू र सोको लागत विवरण,

(ख) गत आ. व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ग) क्लब नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) चालु आ. व. को कार्ययोजना ।

---

[१]मिति २०७२।०६।२० को निर्णय अनुसार उपदफा १ देखि ८ सम्म थप

(२) उपधारा (१) बमोजिम सम्बन्धन लिएका क्लबहरूले सोही उपधारा बमोजिमका कागजात प्रत्येक वर्ष महासङ्घमा पेस गर्नु पर्नेछ । साथै महासङ्घको निर्वाचन हुने वर्ष भने युनेस्को आयोगको सचिवालयमा समेत उक्त कागजातहरू पेस गर्नु पर्नेछ ।

(३) सचिवालयबाट सम्बन्धन प्राप्त युनेस्को क्लबहरूको भेलाले यो संशोधन लागु भएको पहिलो वर्षमा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको तदर्थ समिति छ महिनाको लागि गठन गर्नेछ । तदर्थ समितिले राष्ट्रिय महासङ्घको कार्य समितिको पदावधि ४ वर्ष समेत उल्लेख गरी राष्ट्रिय महासङ्घको विधान तयार गर्नेछ । सचिवालयको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ दर्ता भएपछि दर्ता प्रमाण पत्रको प्रतिलिपि, विधानको प्रतिलिपि र सम्बन्धनको लागि महासङ्घको तदर्थ समितिको निर्णयसहित यस सचिवालयमा माग भएमा कार्यकारिणी समितिले ४ वर्षको लागि सम्बन्धन दिन सक्नेछ । सम्बन्धन प्राप्त गरेपछि तत्काल तदर्थ समितिले युनेस्को क्लबहरूको राष्ट्रिय अधिवेशन गरी महासङ्घको कार्य समितिको चयन गर्नेछ ।

(४) सम्बन्धन प्राप्त गरेको राष्ट्रिय महासङ्घले प्रत्येक वर्ष कार्तिक मसान्तभित्र निम्न कागजात अनिवार्य रूपमा युनेस्को सचिवालयमा पेस गर्नु पर्नेछ :

(क) गत आ. व. मा सम्पादन गरेका कार्यहरू र लागत विवरण,

(ख) गत आ. व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ग) युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(घ) चालु आ. व. को कार्ययोजना,

(ङ) महासङ्घमा आवद्ध युनेस्को क्लबहरूको अद्यावधिक विवरण ।

(५) राष्ट्रिय महासङ्घको कार्य समितिले सम्बन्धन नवीकरणका लागि माग गरेमा, राष्ट्रिय महासङ्घको सम्पादित कार्य र कार्ययोजनाहरू सन्तोषजनक देखिएमा युनेस्कोको कार्यकारिणी समितिले सम्बन्धन नवीकरण गर्न सक्नेछ ।

(६) उपधारा (४) बमोजिम सम्बन्धन प्राप्त राष्ट्रिय महासङ्घका सम्बन्धमा आयोगले निम्नानुसारको कार्य गर्न सक्नेछ :

(क) महासङ्घद्वारा सञ्चालन हुने परियोजनाहरूमा सहजीकरण र सहयोग,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वयमा सहयोग,

(ग) आयोगको गतिविधिमा सहभागिता,

(घ) महासङ्घको कार्य सम्पादनको अनुगमन,

(ङ) महासङ्घको कार्य समितिमा सचिवालयको प्रतिनिधित्व,

(च) आयोगले गठन गर्ने कार्य समिति, विषयगत समिति र उप समितिहरूमा महासङ्घको प्रतिनिधित्व,

(छ) महासङ्घको साधारण सभा र अधिवेशनको अनुगमन ।

(७) राष्ट्रिय महासङ्घले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलनमा भाग लिन जानु अघि अनिवार्य रूपमा सचिवालयको स्वीकृत लिनु पर्नेछ र

भाग लिएपछि सोको प्रतिवेदन आयोगको सचिवालयमा पेस गर्नु पर्नेछ ।

[१०]**१५क <u>एसोसिएटेड स्कुल प्रोजेक्ट नेटवर्कको परिचालन</u> :-** (१) नेपालमा युनेस्कोका आदर्शहरूको प्रवर्धनका लागि कानुनबमोजिम संस्थापित सामुदायिक वा संस्थागत विद्यालयहरूलाई ए.एस.पी. नेटवर्कमा आवद्ध हुन प्रोत्साहित गरिनेछ ।

(२) ए.एस.पी नेटसँग आवद्ध विद्यालयहरूसँग समन्वय गरी ए.एस.पी नेट अभियानलाई प्रवर्धन गराउनका लागि आयोगको सचिवालयको सिफारिसमा महासचिवले एक जना ए.एस.पी. नेटको राष्ट्रिय संयोजक मनोनयन गर्न सक्नेछ ।

(३) ए.एस. पी नेट राष्ट्रिय संयोजकको योग्यता देहाय बमोजिम हुनेछ :

(क) ए.एस पी नेटमा आवद्ध विद्यालय महाविद्यालयमा वरिष्ठ शिक्षकका रूपमा कार्यरत रहेको ।

(ख) युनेस्को सम्बन्धी विषयको जानकारी भएको ।

(४) ए. एस.पी. नेट राष्ट्रिय संयोजक अवैतनिक पद हुनेछ । निजको पदावधि ४ वर्षको हुनेछ ।

(५) ए.एस.पी. नेटका संयोजकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) ए.एस.पी नेटका सम्बन्धमा सचिवालयसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

---

[१०] मिति २०६७।९।२२ को निर्णय अनुसार थप

(ख) ए.एस.पी नेट परिचालन सम्बन्धमा वार्षिक योजना तयार गरी स्वीकृतिका लागि सचिवालयमा पेस गर्ने । सचिवालयबाट स्वीकृत कार्यक्रम सञ्चालनका लागि सचिवालयले आर्थिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(ग) ए.एस.पी नेटका सम्बन्धमा भए गरेका काम कारवाहीको वार्षिक र आवधिक प्रतिवेदन सचिवालयमा पेस गर्ने ।

(घ) ए.एस.पी नेट सम्बन्धमा भए गरेका पत्राचार, अभिलेख संरक्षण गरी आयोगको सचिवालयमा पेस गर्ने ।

(ङ) ए. एस.पी नेटका कार्य सञ्चालनका सम्वन्धमा सचिवालयले आवश्यक अनुगमन गर्नेछ ।

**परिच्छेद - ८**

## कोष, लेखा र लेखापरीक्षण

**१६.** **आयोगको कोष :-** (१) आयोगको कार्य सञ्चालनका लागि आफ्नो छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन् :

(क) युनेस्को र युनेस्को सम्बद्ध निकायहरूबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त अनुदान रकम र जोडकोष रकम,

(ग) सेवा उपलब्ध गराए वापत कार्यकारिणी समितिको निर्णयबमोजिम आयोगले प्राप्त गर्ने सेवा शुल्क वापतको रकम, र

(घ) अन्य स्रोतबाट आयोगको नाममा प्राप्त रकम ।

(२) आयोगको सबै रकम कार्यकारिणी समितिको निर्णयले तोकिदिएको बैङ्कमा खाता खोली राखिनेछ ।

(३) आयोगको खाता महासचिवको रेखदेख र नियन्त्रणमा सचिवालय प्रमुख [११]सहायक महासचिव वा सचिवालय सचिव र लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

[१२](४) आयोगको कोष समृद्ध बनाउने दायित्व यस विधानअन्तर्गतका सबै निकाय, पदाधिकारीलगायत सवैको हुनेछ ।

**१७.** **लेखा र लेखापरीक्षण :-** (१) आयोगको लेखा युनेस्कोको विद्यमान ढाँचासमेतलाई दृष्टिगत गरी नेपाल सरकारको प्रचलित ढाँचाबमोजिम राखिनेछ ।

---

[११] मिति २०७२।०५।१६ को निर्णय अनुसार थप

[१२] मिति २०७२।०५।१६ को निर्णय अनुसार संशोधित

[१३](२) आयोगको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयद्वारा हुनेछ ।

(३) लेखापरीक्षणको प्रतिवेदन आयोगको बैठकमा पेस गरिनेछ ।

## परिच्छेद - ९

## [१४]सहायक महासचिव र अन्य कर्मचारीसम्बन्धी व्यवस्था

**[१५]१८. सहायक महासचिव र अन्य कर्मचारीको सेवा सर्त, पारिश्रमिक एवं सुविधा** :-

(१) सहायक महासचिवको सेवा सर्त, पारिश्रमिक एवं सुविधाहरू निम्न अनुसार हुनेछ :

(क) निजको पदावधि ४ बर्षको हुनेछ ।

(ख) तलब, भत्ता शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

(ग) सञ्चार सुविधा, सवारी र इन्धन सुविधा नेपाल सरकारको रा. पं. प्रथम श्रेणीको सहसचिव सरह हुनेछ ।

(घ) विदा सुविधा निम्न अनुसारको हुनेछ :

(अ) भैपरी आउने विदा - प्रत्येक वर्ष ६ दिन

(आ) पर्व विदा - प्रत्येक वर्ष ६ दिन

(इ) विरामी विदा - प्रत्येक वर्ष १२ दिन

(ई) किरिया विदा - एक पटकमा १५ दिन

(उ) घर विदा - प्रत्येक वर्ष ३० दिन

---

[१३] मिति २०७२।०५।१६ को निर्णय अनुसार थप

[१४] मिति २०७२।०५।१६ को निर्णय अनुसार संशोधित

[१५] मिति २०७२।०५।१६ को निर्णय अनुसार थप

(ङ) खण्ड (घ) बमोजिमका विदामा बस्दा सहायक महासचिवले पूरा तलब पाउनेछ ।

(च) प्रत्येक वर्ष पाउने घर विदा र विरामी विदा मात्र सञ्चित गर्न पाइनेछ ।

(छ) सञ्चित विदा वापत पाउने रकम सेवाबाट अलग हुँदाका बखत निजले खाईपाई आएको १ दिनको तलव मानलाई आधार मानी युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको कोषबाट भुक्तानी दिइनेछ ।

(२) आयोगको सचिवालयलाई आवश्यक पर्ने न्यूनतम कर्मचारीको व्यवस्था शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराउनेछ ।

(३) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तर्फबाट व्यवस्था गरिएदेखि वाहेक अन्य थप कर्मचारीहरूको व्यवस्था गर्नु परेको खण्डमा कार्यकारिणी समितिले निर्णय गरेबमोजिम हुनेछ ।

(३क) कार्यकारिणी समितिको निर्णयबाट सचिवालयको स्वीकृत दरबन्दीमा भर्ना भई कार्यरत कर्मचारीहरूलाई निजामतीतर्फका समान पदको निमित्त देहाय बमोजिमको सेवा, सर्त, पारिश्रमिक र सुविधाहरू आयोगको कोषबाट प्रदान हुनेछ ।

(क) तलब, वार्षिक ग्रेड बृद्धि, कर्मचारी सञ्चय कोष र पोसाक भत्ता,

**(ख) सञ्चित घर बिदा तथा बिरामी बिदाको रकम र औषधि उपचार खर्च

(ग) स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरू सेवाबाट अलग हुँदा निम्न बमोजिम उपदान रकम प्रदान गरिनेछ :

** मिति २०७६।३।१३ को निर्णय अनुसार संशोधित

(१) पाँचदेखि दश वर्षसम्म सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(२) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(३) पन्ध्र वर्ष भन्दा बढी बीस वर्ष भन्दा कम सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(४) बीस वर्ष वा सो भन्दा बढी सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी दुई महिनाको तलब ।

(घ) कार्यकारिणी समितिको निर्णयबाट युनेस्को सचिवालयको स्वीकृत दरबन्दीमा रहेर युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको कोषबाट तलब, भत्ता खाइरहेका १५ वर्षसम्म एउटै पदमा निरन्तर रूपमा कार्यरत कर्मचारीलाई निज कार्यरत रहेको निकटतम माथिल्लो पद वा तहमा कार्यकारिणी समितिको निर्णयअनुसार पदोन्नति गरी कार्य गराउन सकिने छ । यस्तो अवस्थामा निजको दरबन्दीसहित पदोन्नति भएको मानिने छ । निजको अवकाशपछि उक्त दरवन्दी स्वतः विधानबमोजिमको साविक दरवन्दीमा कायम हुनेछ ।

(४) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट उपलव्ध गराइएको र आयोगको तर्फवाट व्यवस्था गरिएको कर्मचारी दरबन्दीको विवरण अनुसूचीमा संलग्न गरिएको छ ।

(५) उपदफा (३) बमोजिम अनुसूचीमा संलग्न भएदेखि वाहेक युनेस्कोको कार्यक्षेत्रसँग सम्बन्धित अनुभवी, दक्ष, कानुनी वा प्राविधिक विशेषज्ञको सेवा आयोगलाई आवश्यक भएमा आयोगको कोषवाट पारिश्रमिक वा सुविधा प्रदान गर्ने गरी कार्यकारिणी समितिले निर्णय गर्न सक्नेछ ।

### [१६]परिच्छेद - ९क

## विविध

**१९. आयोजनाको सिफारिस एवं स्वीकृति सम्बन्धमा :-** (१) कार्यकारिणी समितिको नीति निर्देशनभित्र रही आयोग अन्तर्गत सञ्चालन हुने कार्यक्रम वा आयोजनाहरूका लागि प्राप्त प्रस्तावहरूको सिफारिस महासचिवबाट हुनेछ ।

(२) आयोगअन्तर्गत सञ्चालन हुने कार्यक्रम वा परियोजनाको स्वीकृति रू. २५,००,०००। (पच्चीस लाख रूपैयाँ) सम्म आयोगको सहायक महासचिवबाट[१७], रू. ५०,००,०००।- (पचास लाख रूपैयाँ) सम्म आयोगको महासचिवबाट[१८] र सोभन्दा माथिको रकमको हकमा आयोगको अध्यक्षबाट हुनेछ ।

---

[१६] मिति २०७२।०५।१६ को निर्णय अनुसार थप

[१७] मिति २०६४।५।४ को निर्णय अनुसार संशोधित

[१८] मिति २०६४।५।४ को निर्णय अनुसार संशोधित

**२०. वैदेशिक तालिम, गोष्ठी, सम्मेलन आदिमा मनोनयन सम्बन्धमा :** (१) राजपत्राङ्कित[१९] द्वितीय श्रेणी वा सो सरहसम्मका कर्मचारीहरूलाई वैदेशिक तालिम, गोष्ठी, सम्मेलन, अध्ययन भ्रमण इत्यादिमा मनोनयन सम्बन्धी स्वीकृति आयोगको महासचिवबाट हुनेछ ।

(२) राजपत्राङ्कित [२०]प्रथम श्रेणी वा सो सरह र सोभन्दा माथिका कर्मचारीहरू र अन्य व्यक्तिलाई वैदेशिक तालिम, गोष्ठी, सम्मेलन, अध्ययन भ्रमण इत्यादिमा मनोनयनसम्बन्धी स्वीकृति आयोगको अध्यक्षबाट हुनेछ ।

**२१. नेपाल सरकारसँग सम्पर्क :** आयोगले नेपाल सरकारसँग सम्पर्क गर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत गर्नेछ ।

**२२. बाधा, अडचन फुकाउने अधिकार :-** यस विधानबमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अड्चन आइपरेमा कार्यकारिणी समितिको निर्णयबाट त्यस्तो बाधा अड्चन फुकाइने छ ।

**२३. अधिकार प्रत्यायोजन :-** यस विधानबमोजिम आधिकार प्राप्त पदाधिकारी वा समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार आफू मातहतका पदाधिकारी वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२४. विधान संशोधन** :- यस विधानमा आवश्यक संशोधन गर्नु परेमा कार्यकारिणी समितिको दुई तिहाइ बहुमतको सिफारिस अनुसार नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्न सक्नेछ ।

---

[१९] मिति २०६७।०९।२२ को निर्णय अनुसार थप

[२०] मिति २०६७।९।२२ को निर्णय अनुसार थप


**२५. <u>नियम बनाउने अधिकार</u> :-** आयोगले यस विधानको अधिनमा रही आवश्यक नियम बनाउन सक्नेछ ।

**२६. <u>वार्षिक प्रतिवेदन पेस गर्ने</u> :-** सचिवालयले आफूले सम्पादन गरेका कार्यहरूको विवरण तयार गरी प्रत्येक वर्ष आयोग समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ ।

**२७. <u>बचाउ</u> :-** यस विधानमा संशोधन हुनु भन्दा अघि आयोग तथा आयोगको सचिवालयबाट भएका काम कारवाहीहरू यसै परिवर्तित विधानवमोजिम भए गरे सरह मानिने छ ।

अनुसूची - १

# युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग तथा सचिवालयको सङ्गठन तालिका




* आयोगको तर्फबाट व्यवस्था गरिएका कर्मचारी

** यस अघि कम्प्यूटर अधिकृतको पदमा नियुक्त भई योग्यता पुगेका कार्यरत कर्मचारी शाखा अधिकृतको पदमा रुपान्तरण हुन सक्नेछन् ।

*** नवौं संशोधनबाट संशोधित (मति २०७९।५।५ को निर्णय अनुसार संशोधित)

अनुसूची - २

## युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको लोगो***

**नेपालीमा**

युनेस्को
नेपाल
राष्ट्रिय आयोग

**अंग्रेजीमा**

unesco
Nepal
National Commission

*** नवौं संशोधनबाट संशोधित